**Chris Minns**
Premier of New South Wales

**Yasmin Catley**
Minister for Police and Counter-terrorism, Minister for the Hunter

**Jihad Dib**
Minister for Customer Service and Digital Government, Minister for Emergency Services, Minister for Youth Justice

**Steve Kamper**
Minister for Small Business, Minister for Lands and Property, Minister for Multiculturalism, Minister for Sport

# मिडिया वक्तव्य

## पश्चिम सिड्नीका धार्मिक नेताहरूले एकताको लागि एनएसडब्लू सरकारको आह्वानमा साथ दिएका छन्।

शुक्रवार, १९ अप्रिल २०२४

हिजो हामीले महामहिम एन्टोइन-चार्बेल ताराबे, अष्ट्रेलिया, न्यूजील्याण्ड तथा ओशिनियाको मारोनाइट इपार्कीका बिशपले बोलाएको धार्मिक नेताहरू तथा सरकारी एजेन्सीहरूको बैठकमा भाग लियौं। सबै सहभागीहरूले धार्मिक मामिला परिषद्द्वारा दिइएको निम्न वक्तव्यलाई समर्थन गर्नुभयो।

*यो हप्ता हाम्रो राज्यका मानिसहरूले गहिरो दुःख र पीडा भोगेका छन्। धेरैले अर्थहीन हिंसाका कारण डर, आघात र शोक अनुभव गरिरहेका छन्। हामी सबै पीडितहरू एवं उनीहरूका परिवारहरूलाई हाम्रो सहानुभूति प्रदान गर्दछौँ र उनीहरूको लागि प्रार्थना गर्दछौं।*

*आउने केही दिनहरूमा धार्मिक मानिसहरू आफ्ना पूजा स्थलहरूमा एकत्रित हुनेछन्। उनीहरू प्रार्थना गर्न, हेरचाह गर्न र राम्रो हुनको लागि आउनेछन्।*

*तिनीहरू सुरक्षित एवं संरक्षित भएको महसुस गर्न सक्षम हुनुपर्छ। हाम्रा पूजा स्थलहरू ईश्वर, सान्त्वना र शान्तिको खोजी गर्नेहरूको लागि शरण स्थल हुन्।*

*धर्ममा विश्वास गर्ने मानिसहरूको रूपमा, हामी एक अर्काको धर्मलाई सम्मान गर्छौं। हामी सबैले कसैले पनि आफ्ना पूजा स्थलहरूमा जाँदा भयभीत महसुस नगरोस् भन्ने सुनिश्चित गर्नुपर्छ।*

*हामी धर्मगुरुहरू धर्मको नाममा हुने सबै प्रकारका हिंसाविरुद्ध एकजुट छौं। हामी आफ्नो धर्म साझा गर्ने सबैजनालाई एक अर्कालाई सद्भाव र करुणाका साथ व्यवहार गर्न आग्रह गर्दछौं।*

सहभागीहरूद्वारा अनुमोदित वक्तव्य:

- Bishop Antoine-Charbel Tarabay, अस्ट्रेलियाली मारोनाइट चर्च
- Archbishop Mar Meelis Zaia, असीरियन चर्च अफ द ईस्ट
- Archbishop Amel Nona, चाल्डियन क्याथोलिक चर्च
- Bishop Robert Rabbat, मेल्काइट क्याथोलिक एपार्च
- Metropolitan Basilios, अस्ट्रेलियाली एन्टिओचियन अर्थोडक्स आर्चडायोसिस

- Chorbishop Joseph, द एन्सिएन्ट चर्च अफ द ईस्ट
- अष्ट्रेलियाली राष्ट्रिय इमाम परिषद् (Australian National Imans Council; ANIC)
- अष्ट्रेलियाली इस्लामिक परिषद्हरूको सङ्घ (Australian Federation of Islamic Councils; AFIC)
- लेबनानी मुस्लिम सङ्घ (Lebanese Muslim Association; LMA)

एनएसडब्लू धार्मिक मामिला परिषद्का सबै सदस्यहरूद्वारा सहमत भएको वक्तव्य:

- सम्माननीय आदरणीय Dr Michael Stead, एङ्गलिकन चर्च, सिड्नीको डायोसेज
- Mr Gawaine Powell Davies, अध्यक्ष, एनएसडब्लू बुद्धिस्ट परिषद्
- Imam Shadi Alsuleiman, अध्यक्ष, अस्ट्रेलियाली राष्ट्रिय इमाम परिषद्
- Dr Ali Al Samail, निवासी विद्वान (शेख), अष्ट्रेलियन अहल अल बेट इस्लामिक केन्द्र
- Mr Surinder Kumar Jain, उपाध्यक्ष, हिन्दु परिषद् अष्ट्रेलिया
- Ms Monica Doumit, सार्वजनिक मामिला तथा संलग्नता निर्देशक, सिड्नी क्याथोलिक आर्कडियोसेस
- David Ossip, अध्यक्ष, एनएसडब्लू यहुदी बोर्ड अफ डेपुटीज
- आदरणीय Dr Steve Bartlett, मन्त्रालयका निर्देशक, एनएसडब्लू र एसीटीको ब्याप्टिस्ट चर्चहरू
- आदरणीय Dr Manas Ghosh, युनाइटिङ चर्चका मन्त्री, एनएसडब्लू र एसीटीको अष्ट्रेलियाली युनाइटिङ चर्च सभा
- आदरणीय Dr Kamal Weerakoon, मन्त्री, अष्ट्रेलियाली प्रेस्बिटेरियन चर्च
- Mr Darshan Singh Gill, संरक्षक, अस्ट्रेलियन सिख सङ्घ (एएसए) (गुरुद्वारा साहिब ग्लेनवुड)
- अति आदरणीय Fr Christophoros Krikelis, चान्सलर, अष्ट्रेलियाली ग्रीक अर्थोडक्स आर्कडियोसेस
- आदरणीय Ralph Estherby, चपलेन्सी अष्ट्रेलियाका राष्ट्रिय निर्देशक/सीईओ, अष्ट्रेलियाली क्रिश्चियन चर्चहरू
- Mr Darren Bark, सह-अध्यक्ष, बेटर ब्यालेन्स्ड फ्यूचर्स (फेथ एनएसडब्लू)
- Mr Murray Norman, सीईओ, बेटर ब्यालेन्स्ड फ्यूचर्स (फेथ एनएसडब्लू)
- आदरणीय Heather Joyce Topp, वरिष्ठ धर्मगुरु र अन्तर-धर्म मन्त्री, एनएसडब्लू बौद्ध परिषद्
- आदरणीय William Crews AM, सुपरिटेन्डेन्ट मन्त्री, एशफिल्ड पेरिस मिसन
- Ms Katherine Xavier, अन्तर-धर्म आयोग सदस्य, क्याथोलिक डायोसेस अफ पारामाटा
- Ms Monica Chahoud, मेल्काइट च्यारिटेबल फाउन्डेशन अध्यक्ष, अष्ट्रेलिया, न्यूजील्याण्ड र सबै ओशिनियाको मेल्काइट क्याथोलिक इपार्की

MEDIA:
Sarah Michael | Premier | 0401 591 286
Jonathan Symons | Minister Kamper | 0407 488 158